**मिति २०७५ चैत्र २९ गते बसेको ४१ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव र निर्णय :**

**प्रस्ताव :**

१. शिक्षा क्षेत्र अनुदान र अन्य क्षमता विकास सम्बन्धमा,
२. पूर्वाधार निर्माण सम्बन्धमा,
३. विपद् व्यवस्थापन सम्बन्धमा,
४. न्यायिक समितिको निर्णय अनुमोदन सम्बन्धमा,
५. विविध (बैण्ड बाजा र सेफ हाउसलाई सहयोग एवम स्विपरको पारिश्रमिक र नया वर्ष २०७६ को शुभकामना सम्बन्धमा)

**निर्णयहरु :**

**प्रस्ताव नं. १ शिक्षा क्षेत्र अनुदान र अन्य क्षमता विकास सम्बन्धमा छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो ।**

**निर्णय नं १.१** आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम अर्न्तगत शिक्षा तर्फको प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन सहयोग कार्यक्रम गो.न.पा. वडा नं. ११ को सरस्वती मा.वि.लाई दिने रु. १०,००,०००/- दिने निर्णय गरियो ।

**निर्णय नं १.२** आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम अर्न्तगत शिक्षा तर्फको पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहित शौचालय निर्माण योजना गो.न.पा. वडा नं. २ को दुर्गालक्ष्मी बहुमुखी क्याम्पसमा रु. ३१,००,००० को योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १.३** सामुदायिक र निजी विद्यालयको तर्फबाट कक्षा थप र तह थप माग भई आएकोले कार्यालयको आन्तरिक प्रक्रिया पुरा गर्न लगाई माग बमोजिम कक्षा थप र तह थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १.४** गो.न.पा. वडा नं. ३ मा रहेको श्री ग्वासी मा.वि. र वडा नं. ४ को गोलादेउ आधारभूत विद्यालयलाई रु. १५,००,०००/- बराबरको १/१ वटा ब्लक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १.५** माथि उल्लेख गरिएका बाहेकका गोदावरी नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई अनुदान वापत रु. ३,००,०००/- का दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १.६.** गोदावरी नगरपालिकामा युवाहरुबाट सञ्चालन गरिएको Youth March कार्यक्रमलाई युवा परिचालन शिर्षकबाट रु. ५०,०००/- दिने निर्णय गरियो ।

**निर्णय नं १.७.** गोदावरी नगरपालिका भित्र विद्यालयहरु Merge गर्नका लागि सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं १.८.** गो.न.पा. वडा नं २ भनी आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको प्रतिभा पुस्तकालय वडा नं. १ रहेकोले सो अनुरुप संशोधन गर्ने निर्णय गरियो ।

**२. पूर्वाधार निर्माण सम्बन्धमा छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो :**

**निर्णय नं २.१** वडा नं. १, २, ४, ५, ६ र ११ मा निर्माणाधिन ढलको माथि स्ल्याब राख्ने प्राविधिक कार्य अगाडी बढाई लागत अनुमान अनुसार कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.२.** वडा नं ५ को माछापालन जाने बाटोमा ग्रावेल गरेको बाँकी भुक्तानी रु. ५०,०००/- दिने निर्णय गरियो ।

**निर्णय नं २.३** वडा नं. १ को ग्रावेलको बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं २.४** वडा नं. १ को चैतन्यपुरमा निर्माणाधिन झोलुङ्गे पुलको उ.स.लाई रु. २,००,०००/- पेश्की दिने निर्णय गरियो ।

**निर्णय नं २.५** वडा नं. १ र २ को ढल निकासको लागि शहरी विकासबाट निर्माण हुने प्याकेज अगाडी डि.पि.आर. तयार गर्न शहरी विकास आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २.६** वडा नं. ३ को मालाखेती विद्यालय जाने बाटोको ग्रावेल गरेको कामको मुल्यांकन अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं २.७** वडा नं. ११ को खानेपानी टंकी वरिपरि.ल.ई. तयार गरी घेरबार गर्ने निर्णय गरियो ।

**निर्णय नं २.८** वडा नं. ११ को पाईप लाईन विछ्याउन ल.ई. तयार गरी सो बमोजिम कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.९** रोटरी क्लबबाट वडा नं. ११ मा प्राप्त हुने श्रोतको परिचालन गर्न खानेपानी लाईन विस्तारको डि.पि.आर. गर्न रु. ३,५०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.१०** गो.न.पा. वडा नं. १ को चाहाना सामुदायिक वन भित्र दमकल पार्किङ्ग क्षेत्रमा कार्यालयको अस्थायी प्रयोजनको लागि Pre-Fab हल र कोठा ल.ई. अनुसार निर्माण गर्ने निर्णय गरियो ।

**३. विपद् व्यवस्थापन सम्बन्धमा छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो :**

**निर्णय नं. ३.१** दमकल सेवाको क्षमता विकासको लागि आवश्यक सामाग्री खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.२** देहाय अनुसारका पिडितहरुलाई विपद् व्यवस्थापन कोष र आर्थि सहायता बाट राहत उपलब्ध गराउने निर्णय गरियो ।

क. गो.न.पा. वडा नं. ४ खैराना बस्ने श्री कमलराज अवस्थीलाई रु. १५,०००/- दिने निर्णय गरियो ।

ख. गो.न.पा. वडा नं. ६ कोलीकटान बस्ने श्री नर बहादुर लुहारलाई रु. २५,०००/- दिने निर्णय गरियो ।

ग. गो.न.पा. वडा नं. २ बस्ने श्री टुक्का खनाललाई रु. १५,०००/- दिने निर्णय गरियो ।

घ. गो.न.पा. वडा नं. ११ बस्ने श्री कलु पार्कीलाई रु. १५,०००/- दिने निर्णय गरियो ।

ङ. कार्यपालिका सदस्य श्री गणेशी वि.सी. चौधरीलाई रु. २५,०००/- दिने निर्णय गरियो ।

च. गो.न.पा. वडा नं. ९ बस्ने श्री हिरालाल जोशीलाई रु. २५,०००/- दिने निर्णय गरियो ।

छ. गो.न.पा. वडा नं १ बस्ने चेतन भण्डारीलाई रु. १५,०००/- दिने निर्णय गरियो ।

**निर्णय नं. ३.३.** दमकल राखीएको स्थानमा केही रुखको हाँगा काट्नुपर्ने भएकोले सो हाँगा काट्न लगाउने निर्णय गरियो, सो कार्यको लागि जिल्ला वन कार्यालय, कैलालीमा अनुरोध गर्ने निर्णय समेत गरियो ।

## ४. न्यायिक समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो :

**निर्णय नं. ४.१** गोदावरी नगरपालिका न्यायिक समितिको निर्णय अनुसारको तोकिएका ५ मेलमिलाप केन्द्र र ७१ जना मेलमिलापकर्ताहरुको सूची समर्थन गर्ने निर्णय गरियो ।

## ५. विविध (बैण्ड बाजा र सेफ हाउसलाई सहयोग एवम स्विपरको पारिश्रमिक र नया वर्ष २०७६ को शुभकामना सम्बन्धमा)

**निर्णय नं. ५.१** गो.न.पा. वडा नं. ११ मा सञ्चालन गरिएको बैण्ड बाजा तालिममा नपुग भएको रकम रु. १,००,०००/- थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.२** मिति २०७५/१२/२८ गते पदाधिकारीज्यूहरु र कर्मचारीहरुको तर्फबाट नगरबासीहरुलाई शुभकामना दिने निर्णय गरियो ।

**निर्णय नं. ५.३** गो.न.पा. वडा नं २ मा रहेको सेफ हाउसलाई रु. १,००,०००/- थप रकम दिने निर्णय गरियो ।

**निर्णय नं. ५.४** बडेहाँ स्वास्थ्य चौकिमा कार्यरत स्विपरलाई मासिक रु. ९,०००/- दिने निर्णय गरियो ।